बैठक संख्या ४२ मिति २०७५/१०/११

आज मिति २०७५ साल माघ ११ गते शुक्रबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थितीः

१	नगरप्रमुख	श्री हरिकुमार राना	अध्यक्ष	
२	नगर उपप्रमुख	श्री कमला खतिवडा आचार्य	सदस्य	
३	वडाध्यक्ष	श्री गजाधर खतिवडा	सदस्य	
४	वडाध्यक्ष	श्री रघुनाथ खनाल	सदस्य	
५	वडाध्यक्ष	श्री जीवकुमार भण्डारी	सदस्य	
६	वडाध्यक्ष	श्री दुर्गाप्रसाद दाहाल	सदस्य	
७	वडाध्यक्ष	श्री ध्यानबहादुर भारती	सदस्य	
८	वडाध्यक्ष	श्री लोकनाथ गौतम	सदस्य	
९	वडाध्यक्ष	श्री नवराम ढुङ्गाना	सदस्य	
१०	वडाध्यक्ष	श्री गोपीचन्द्र गौतम	सदस्य	
११	वडाध्यक्ष	श्री पुष्पकुमार प्रसाई	सदस्य	
१२	वडाध्यक्ष	श्री बलदेवसिंह गोम्देन तामाङ्ग	सदस्य	
१३	वडाध्यक्ष	श्री भैरवबहादुर खड्का	सदस्य	
१४	सदस्य	श्री लक्ष्मी तामाङ्ग	सदस्य	
१५	सदस्य	श्री हरिमाया भण्डारी	सदस्य	
१६	सदस्य	श्री शारदाकुमारी भट्टराई	सदस्य	
१७	सदस्य	श्री शकुन्तला बराल	सदस्य	
१८	सदस्य	श्री दिलमाया शिवा	सदस्य	
१९	सदस्य	श्री दिलिप गुरुङ्ग	सदस्य	
२०	सदस्य	श्री खिनमान दास	सदस्य	
२१	सदस्य	श्री रमेशकुमार दर्जी	सदस्य	
२२	प्रमुख प्रशासकीय अधिकृत	श्री पङ्कज भुर्तेल	सचिव	
२२	खरिदार	श्री सौजन कटुवाल आमन्त्रित		
२३	स्वकिय सचिव,	श्री गजेन्द्र खनाल "		

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा नेपाल

मिति २०७५/१०/११ गते बसेको नगर कार्यपालिका बैठककले गरेका निर्णयहरु :

१.नेपाल सरकार ,भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७५/०९/३० गते कृषि योग्य जग्गाको खण्डिकरण सम्बन्धमा जारि भएको निर्देशनको बुँदा नं. ५ बमोजिम स्थानीय तहले कृषि ,वन,नापी ,जग्गा प्रशासन र शहरी विकास सम्बन्धि प्राविधिक रहेको जग्गा उपयोगिता विश्लेषण प्राविधिक समिति गठन गर्ने विषयमा यस नगरपालिका उक्त निर्देशन बमोजिम तोकिएका विषयहरुका सम्बन्धमा अध्ययन गरी प्रारम्भिक प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने ।साथै,उक्त समितिले नगरपालिका क्षेत्र भित्रको जग्गाहरुलाई कृषि,गैरकृषि वन,आवास,औद्योगिक आदि क्षेत्रमा निश्चित आधार र मापदण्डका आधारमा वर्गिकरण गर्न सिफारिस गर्ने र सो समितिको प्रतिवेदन प्राप्त भई अन्तिम निर्णय नभए सम्मका लागि जग्गाको वर्गिकरण सम्बन्धि सिफारिस कार्यलाई रोक्ने ।

पूर्वाधार विकास समिति ,संयोजक श्री रमेशकुमार त्रिखत्री	संयोजक
सम्बन्धित वडाका वडा अध्यक्ष	सदस्य
ईञ्जियिनर श्री लक्ष्मी सापकोटा	सदस्य
कृषि विकास शाखा,नायब प्राविधिक सहायक श्री मिना अधिकारी	सदस्य
अमिन श्री चिरञ्जिवी खवास	सदस्य
नजिकको वन कार्यालयका प्रतिनिधि	सदस्य
नायब सुब्बा श्री तिवेन्द्र अधिकारी	सदस्य सचिव

साथै,यस नगरपालिका भित्र जग्गा खण्डीकरण गरी बिक्री वितरण गर्न स्वीकृति लिई सकेको संस्थाहरुलाई सुचिकृत हुनका लागि आह्वान गर्ने ।

२.यस नगरपालिका अन्तर्गत साविक खुदुनाबारी गा.वि.स. हाल:वडा नं १ ,२ र ३ खुला दिशामुक्त क्षेत्र घोषणा भईसकेकोमा घोषणा पश्चात त्यस क्षेत्रको अवस्थाका बारेमा पुनः अनुगमन गर्ने ।

३.यस नगरपालिका अन्तर्गत बिरिङ्ग नदि प्रणाली तथा आसपासका क्षेत्रमा कार्यरत श्रमिक लगायत प्रभावित पक्षहरुको तथ्यांक सम्बन्धित वडा कार्यालयहरुले आगामी फाल्गुन मसान्त सम्ममा संकलन गरी नगर कार्यपालिकामा पेश गर्ने ।

४.यस नगरपालिका अन्तर्गत नदि संरक्षण कार्यमा सक्रिय बिरिङ्ग जलाधार,टाङ्गटिङ्ग जलाधार एवं राष्ट्रपति चुरे कार्यक्रम लगायतका समितिहरु सक्रिय रहेकामा ति सबै समितिहरुको संयुक्त बैठक राखी नदि संरक्षण सम्बन्धि एकिकृत योजना बनाउने कार्य अघि बढाउने ।

५.यस नगरपालिकाबाट अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गर्ने कार्यमा सहजीकरण गर्नका लागि आवश्यक पर्ने विज्ञका लागि दैनिक भ्रमण बापत रु १,५००/- (एक हजार पाँच सय मात्र) व्यवस्था गर्ने ।साथै,अपांगता परिचयपत्र वितरण समन्वय समितिका पदाधिकारीहरुलाई वडामा गई परिचयपत्र वितरणका लागि आवश्यक व्यवस्थापन सम्बन्धित वडा कार्यालयले गर्ने ।

६.यस नगरपालिकाबाट द वर्ल्ड तेक्वान्दो हिरो कप २०१८ मा सहभागि भई स्वर्ण पदक प्राप्त गर्न सफल खेलाडी श्री दीपेन धिमाल, श्री विवेक गिरी तथा श्री एनकिला राईलाई प्रोत्साहन स्वरुप जनही रु २५,०००/- (पच्चिस हजार मात्र) नगद पुरस्कार वितरण गर्ने ।साथै,निज दिपेन धिमाललाई अर्को प्रतियोगितामा सहभागि हुन रु २५,०००/- (पच्चिस हजार मात्र) उपलब्ध गराउने ।

नगर प्रमुख

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

७.चालु आर्थिक वर्ष २०७५/०७६ का लागि कृषि विकास तर्फ विनियोजित देहाय बमोजिम कार्यक्रम देहाय बमोजिम संशोधन गर्ने ।

साविक कार्यक्रम	संशोधित कार्यक्रम
(क)मकै प्रशोधन मिल स्थापनाका लागि मिल मेसिनरीमा अनुदान सहयोग रु ६० हजार मात्र । (ख)उत्पादित सामाग्रीको मूल्य श्रृङ्खला वृद्धि गै.स.स. सहयोगी संस्था सँगको सहयर्कामा रु ७० हजार मात्र ।	अर्जुनधारा-३ स्थित सुखानी धरधरे बस्तीमा शहिद कुलोको मुहान छेउमा आसपास खानेपानी आयोजना सञ्चालन रु १,३०,०००/- (एक लाख तिस हजार मात्र)

साथै कृषि तर्फको सशर्त अनुदान अन्तर्गत विनियोजित रकम देहाय बमोजिम बाँडफाँड गर्ने:

१.साना सिंचाई विशेष कार्यक्रम (केन्द्रिय बजेटबाट कार्यान्वयन हुने):-

१.१, साना सिंचाई आयोजना तर्फ केन्द्रीय बजेटबाट विनियोजित रु. ९,००,०००/- नौलाख मध्येबाट कन्टेन्जिन्सी ३ प्रतिशतले हुन आउने रु. २७०००/- छुट्याई बाँकी रकम कृषक समूह, कृषि सहकारी एवं उद्यमीबाट माग भई आउका आयोजनाहरुलाई निम्नानुसार बिनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

क) कृषि पकेट क्षेत्र हात्तिकिल्ला कृषक समूह बोरिङ्ग मोटर सिंचाई योजना रु. ८०,०००/-
ख) अग्रगामी शान्ति महिला समाज अर्जुनधारा नपा वडा नं.-९, रु. ६३,०००/-
ग) जुकेखाडी मिश्रित कृषक समूह अर्जुनधारा नपा वडा नं. ३ रु. १,००००/-
घ) बेल्टार कृषक समूह अर्जुनधारा नपा वडा नं. २ पैनी मर्मत रु ६०,०००/-
ङ) विश्वास कृषि फार्म अर्जुनधारा नपा वडा नं. ११ सिक्कल मोटर रु. ५००००/-
च) शनिश्चरे साना किसान कृषि सहकारी संस्था अर्जुन नपा वडा नं. ११, भूमिगत सिंचाई रु ७०,०००/-
छ) ककुवाली पुर्वबरगाँउ सिंचाई उपभोक्ता समिति वडा नं. ४, बोरिङ्ग मोटर रु. ९०,०००/-
ज) चौहान पैनी जल उपभोक्ता समिति अर्जुनधारा नपा ४, पैनी मर्मत रु. १००००/-
झ) सुखानी मिश्रित कृषक समूह अर्जुनधारा नपा ३, बोरिङ्ग मोटर रु. १,००,०००/-
ञ) कुसुमे वीउ विजन तथा घाँस महिला कृषक समूह पैनी मर्मत रु. ६००००/-
ट) प्रभुराम पोखरेल अर्जुनधारा नपा-१०, डिप मोटर बोरिङ्ग रु. ४०,०००/-
ठ) माधव भण्डारी अर्जुनधारा नपा वडा नं. ५, सिंचाई मोटर रु. १५०००/-
ड) तारा प्रसाद उपाध्याय अर्जुनधारा नपा वडा नं. ५, सिंचाई मोटर रु. १५०००/-
ण) गौमुखी सुपारी कृषक समूह अर्जुनधारा नपा १०, मोटर रु. १५०००/-
त) ज्योती कृषक कृषक समूह अर्जुनधारा नपा १०, मोटर रु. १५०००/-

जम्मा रु. ८,७३,०००/-

१.२, पकेट कार्यक्रम सञ्चालन हुने स्थानमा बोरिङ्ग मोटर सिंचाईका आयोजनाहरुको लागि रु. ६,००,०००/- मध्येबाट सञ्चालन गरिने आयोजनाहरु:

क) सितलादेवी कृषक समूह, हात्तिकिल्लालाई रु. १२०,०००/-
ख) सुर्य गुरागाईटोल हात्तिकिल्ला रु. १००००/-
ग) मामाभान्जा कृषि फार्म एरियामा रु. १००००/-
ङ) ताप्लेजुङ्ग टोल वडा नं. ८ को रु ८०,०००/-

जम्मा रु.४,००,०००/-

हरी कुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं. प्रदेश, नेपाल

बाँकी रकम रु. २,००,०००/- वीउ विजन तालिम तथा अन्य प्रवर्धन कार्यक्रममा खर्चहुने ।

२, प्रस्तावनामा आधारित कार्यक्रम अर्न्तगत देवराज कृषि फार्म अर्जुनधारा नपा वडा नं. १० का श्री देवराज विष्टले मरिच तथा सुपारीको विरुवा प्रवर्धन गरिने प्रस्तावलाई स्वीकृत गरी रु २५,०००/- अनुदान दिने निर्णय गरियो ।

३, साना सिंचाई निमार्ण तथा मर्मत सम्भार/मोटर वितरण, साना फार्म मेशिनरी समेत स्वीकृत कार्यक्रम बजेट रु. ३,००,०००/- मध्येबाट निम्न कृषक समूह, कृषि सहकारी तथा उद्यमीको माग अनुसार ५० प्रतिशत अनुदानमा फार्म मेशिनरी उपलब्ध गराउने निर्णय गरियो ।

क) उपहार मिश्रित कृषक समूह अर्जुनधारा नपा वडा नं.-१०, मकैछोडाउने मेशिन	रु. १०,०००/-
ख) चारघरे महिला कृषक समूह अर्जुनधारा नपा वडा नं. ९,मकैछोडाउने मेशिन	रु. १०००/-
ग) बिशुद्ध तरकारी वीउ विजन सहकारी संस्था लि. अर्जुनधारा-५ मकैछोडाउने मेशिन	रु. १०,०००/-
घ) पाथीभरा महिला कृषक समूह अर्जुनधारा-९, मकैछोडाउने मेशिन	रु. १०,०००/-
ङ) किरण मिश्रित कृषक समूह, अर्जुनधारा-३ मकैछोडाउने मेशिन	रु. १०,०००/-
च) प्रगतिशिल महिला कृषक समूह, अर्जुनधारा-१०, मकैछोडाउने मेशिन	रु. १०,०००/-
छ) दाजुभाई कृषि फार्म, अर्जुनधारा नपा वडा नं. ५, धानझार्ने हाते थ्रेसर	रु. २०,०००/-
ज) जलेश्वर कृषक समूह अर्जुनधारा नपा वडा नं. ७, धानझार्ने हाते थ्रेसर	रु. २०,०००/-
झ) परिश्रमी मिश्रित कृषक समूह नपा वडा नं. ११, मकै छोडाउने मेशिन	रु. १०,०००/-
ञ) ज्योती कृषक समूह अर्जूनधारा-१०, मकैरोप्ने मेशिन	रु. ५०००/-
ट) शनिश्चरे साना किसान कृषि सहकारी अर्जूनधारा-११, मकै छोडाउने मेशिन ३ थान	रु. ३०,०००/-
ठ) उन्नत कृषक समूह अर्जुनधारा-१०, मकैछोडाउने मेशिन	रु. १०,०००/-
ड) मामाभान्जा कृषि फार्म अर्जुनधारा-८, हाते ट्याक्टर	रु. ६०,०००/-
ण) श्रमजिवी कृषक समूह अर्जुनधारा-३, मिनिटिलर	रु. ६०००/-
त) माँ कालिका कृषक समूह अर्जुनधारा-१०, धानझार्ने हाते थ्रेसर	रु. २०,०००/-
थ) हात्तिकिल्ला कृषक समूह अर्जुनधारा-८ मकैरोप्ने मेशिन	रु. ५०००/-
जम्मा रु.	३,००,०००/-

८.यस नगरपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयम्सेविकाहरु उमेरहदका कारण अनिवार्य अवकास भएमा निजहरुलाई यस नगरपालिकाको तर्फबाट रु २०,०००/-(बिस हजार मात्र) उपदान स्वरुप उपलब्ध गराउने ।

९..चालु आर्थिक वर्ष २०७५/०७६ का लागि विनियोजित सशर्त अनुदान अन्तर्गत शिक्षा तर्फका देहाय बमोजिम योजना तथा कार्यक्रमहरु देहाय बमोजिमका विद्यालयहरुमा सञ्चालन गर्ने ।

कार्यक्रम /आयोजना-	विद्यालय (वडा नं)
माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फिक्सीड, किताव खरिद, तथा इ पुस्तकालय समेत)	श्री सिंहदेवी मा वि (१) ,श्री अर्जुनधारा मा वि (४)भानु मा वि (५)
शिक्षण सिकाइमा सुचना प्रविधि को प्रयोग(कम्प्यूटर, इन्टरनेट, कनेक्टिभिटी इक्यूपमेन्टस तथा सामग्री खरिद) का लागि अनुदान	श्री शनिश्चरे मा वि(८) , महारानीगञ्ज मा वि (११)
माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान	श्री जनता मा वि(३) ,कालिस्थान मा वि(९)
गणित विज्ञान र अङ्गेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री अनुदान	श्री अरुणोदय आ वि(७),श्री भानु आ वि (२),श्री आधारभुत विद्यालय(५)
पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण	श्री लक्ष्मी मा वि(६) ,श्री गणेश आ वि (१)

२०७५/१०/११ हरी कुमार राजा नगर नगर प्रमुख

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा २ नं.प्रदेश, नेपाल

१०.महानन्द चौक बाट शनिश्चरे बजार हुँदै जयपुर जाने सडकमा रहेका विद्युत पोलहरुलाई सडक किनारामा स्थानान्तरण गर्नका लागि विद्युत प्राधिकरणमा अनुरोध गर्ने ।

११.माटोको माया सम्बन्धि ७ दिने तालिम कार्यक्रम सञ्चालन गर्नका लागि रु १,००,०००/- (एक लाख मात्र) विनियोजन गर्ने ।

१२.देहाय बमोजिम संघसंस्था तथा समितिहरुबाट प्राप्त निवेदन बमोजिम देहाय बमोजिम बजेट विनियोजन गर्ने :

सि.नं.	विवरण	रकम
१	परोपकार तथा अनुसन्धान केन्द्र,वितामोडमा यस नगरपालिका क्षेत्रबाट वृद्धवृद्धाहरु आश्रय लिईरहनु भएकाले सो केन्द्रमा वृद्धाश्रम जग्गा खरिद सहयोग	एक लाख अड्तीस हजार मात्र ।
२	नारि सञ्चार गृह वितामोडबाट स्थापना हुने नारी सञ्चार प्रोत्साहन अक्षयकोष स्थापना सहयोग ,एक लाख मध्ये चालु आर्थिक वर्षमा भुक्तानी हुने	बिस हजार मात्र
३	सुखानी शहिद स्मृति प्रतिष्ठानबाट सञ्चालन हुने प्रदेश स्तरीय महिला फुटबल प्रतियोगिता सञ्चालनका लागि	एक लाख मात्र
४	वडा नं. ७ बस्ने श्री तुलबहादुर श्रेष्ठलाई मिस्टर ओलम्पिक छनौट प्रतियोगितामा सहभागि हुन तयारी गर्नका लागि आर्थिक सहयोग	पचास हजार मात्र
५	प्रगतिशिल लेखक संघ नवौं अधिवेशन सञ्चालन सहयोग	पन्ध्र हजार मात्र
६	वडा नं. १ बस्ने सोममाया तामाङ्ग औषधोपचार सहयोग	दस हजार मात्र
७	अर्जुनधारा संस्कृत वेद विद्यापिठ शैक्षिक भ्रमण सहयोग	तिस हजार मात्र
८	अर्जुनधारा ३ र ४ मा जंगली हात्तिको प्रकोपबाट बच्नका लागि आवश्यक फर्गी लाइट तथा साइरन कार्यालयबाटै खरिद गरी वितरण गर्ने	लागत अनुसार
९	वडा नं ३ भाङ्गबारी युवा क्लब क्रिकेट प्रतियोगित सञ्चालन सहयोग	दस हजार मात्र
१०	प्र.अ.डेनजनी आचार्य औषधोपचार सहयोग	बिल बमोजिम
११	सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प सवारी मर्मत	पचास हजार मात्र
१२	वडा नं. ४ दलबहादुर भुजेल औषधोपचार सहयोग	दस हजार मात्र
१३	वडा नं. १० बिना भारती औषधोपचार सहयोग	पचास हजार मात्र
१४	वडा नं. १० जमुना ओझा औषधोपचार सहयोग	पचास हजार मात्र
१५	रत्नबहादुल लाखे,वडा नं. ७ औषधोपचार सहयोग	दस हजार मात्र
१६	त्रिदेव बहामुखि क्याम्पस स्व वि यूद्वारा आयोजना हुने भलिबल प्रतियोगिता सञ्चालन सहयोग	पन्ध्र हजार मात्र
१७	खुदुनाबारी स्पोटिङ्ग क्लब खेलकुद प्रतियोगिता सहयोग	पच्चिस हजार मात्र
१८	सामूहिक उद्धार तथा उपकार संघ,वडा नं. ७ भवन निर्माण सहयोग	एक लाख मात्र
१९	विलिभर्स चर्च वडा नं ३ स्टेज निर्माण सहयोग	एक लाख मात्र
२०	बालज्योति प्रा वि वडा नं. ९ शैक्षिक सामाग्री व्यवस्थापन	बिस हजार मात्र
२१	चाहना समूह/नेप्लिज टिन्स साँस्कृतिक कार्यक्रम सहयोग	पन्ध्र हजार मात्र
२२	वडाध्यक्ष च्यालेन्ज कप वडा नं ११ खेलकुद सहयोग	पन्ध्र हजार मात्र
२३	वडा नं ७ अमृतमाया दर्जी औषधोपचार सहयोग	दस हजार मात्र

हरी कुमार [illegible] नगर प्रमुख

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

२४	वडा नं ६ केवलप्रसाद बानिया औषधोपचार सहयोग	पच्चिस हजार मात्र
२५	वडा नं ५ दोर्जे भुजेल औषधोपचार सहयोग	पन्ध्र हजार मात्र
२६	नेपाल खेलकुद पत्रकार मञ्च कार्यक्रम सहयोग	पच्चिस हजार मात्र
२७	राष्ट्रिय जनमुक्ति पार्टि क्षमता विकास कार्यक्रम सहयोग	पन्ध्र हजार मात्र
२८	आदिवासी जनजाति पत्रकार महासंघ सम्मेलन सञ्चालन सहयोग	पच्चिस हजार मात्र
२९	अर्जुनधारा जेसिज अधिवेशन सञ्चालन सहयोग	पचास हजार मात्र
३०	मालपोत कार्यालयको श्रेष्ता वाइण्डिङ्ग तथा कम्प्युटर प्रिन्टर मर्मत तथा खरिद भुक्तानी	तिन लाख मात्र
३१	नेपाल पत्रकार महासंघ साधारण सभा सञ्चालन सहयोग	दस हजार मात्र
३२	अखिल नेपाल जनजाति सम्मेलन महाधिवेशन सहयोग	पन्ध्र हजार मात्र
३३	वडा नं ९ बालकृष्ण खतिवडा औषधोपचार सहयोग	दस हजार मात्र
३४	वडा नं ७ विनय निरौला औषधोपचार सहयोग	दस हजार मात्र
३५	जेष्ठ नागरिक मिलन समाज तिर्थस्थल भ्रमण सहयोग	दुई लाख मात्र
३६	वडा नं ७ प्रभुराम राजवंशी औषधोपचार सहयोग	दस हजार मात्र

१३. वडा नं ५ स्थित मधुमाता मार्गको स्तरोन्नति सम्बन्धि कार्यको बक्यौता भुक्तानीका लागि निवेदन आएकामा सो विदन उपर आगामी नगर सभामा छलफल गर्ने गरी प्रस्ताव लैजाने ।

१४.यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको अन्तिम लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्दा स्थानीय लेखापरीक्षकलाई प्राथमिकतामा राख्ने साथै लेखापरीक्षको पारिश्रमिक देहाय बमोजिम हुने गरी तोक्ने:

प्राथमिक विद्यालय- बढिमा रु ८,०००/- सम्म
आधारभुत विद्यालय- बढिमा रु १२,०००/- सम्म
माध्यमिक विद्यालय- बढिमा रु १६,०००/- सम्म

१५.वडा नं ७ मा निर्माणाधिन पूर्ण स्मृति भवन निर्माणका लागि रु ८,००,०००/- (आठ लाख मात्र) र मंगलमणी सतार स्मृति भवन वडा नं. ८ मा भवन निर्माणका लागि रु ७,००,०००/- (सात लाख मात्र) विनियोजन गर्ने ।साथै,अर्जुनधारा नगरपालिकाको नगर बाल सञ्जालद्वारा सञ्चालन गरिने क्षमता विकास तालिमका लागि रु १,४०,०००/- (एक लाख चालिस हजार मात्र) विनियोजन गर्ने ।

१६.प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेका लागि प्रदेश सरकारबाट पूर्वाधार विकासका लागि रु १०,००,०००/- (दस लाख मात्र) विनियोजन भएकामा सो रकमबाट उक्त स्वास्थ्य केन्द्रमा ५ शैयामा ओपिडी निर्माण गर्ने ५ शैयाको आकस्मिक कक्ष निर्माण गर्ने तथा केन्द्रको स्टोरलाई अन्यत्रै व्यवस्थापन गरी दुईवटा क्याबिन ५ शैयाको पुरष,५ शैयाको महिला तथा ५ शैयाको जनरल वार्डको व्यवस्थापन गर्ने तथा सोका लागि अपुग हुने रकम स्वास्थ्य केन्द्रको ठेक्का बापत आउने रकमबाट व्यहोर्ने ।साथै, स्वास्थय विमा मार्फत प्राप्त हुने आम्दानीबाट स्वास्थ्य केन्द्रमा विषेशज्ञ डाक्टरको सेवा समेत सुचारु गर्न आवश्यक पहल गर्ने ।

१७.वडा नं. २ का वडा अध्यक्ष श्री रघुनाथ खनालकी ममतामयी माता श्री राधिकादेवी खनालको मिति २०७५ साल माघ ८ गते असामयिक निधन भएकोमा दीवंगत आत्माको चिर शान्तिका लागि कामना गर्दै शोकाकुल परिवारजनमा शोक समवेदना व्यक्त गर्दछौं ।

हरी कुमार राना नगर
नगर प्रमुख